# वैतेश्वर राजपत्र

## वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल श्रावण ५ गते २०८३ (संख्या ४**

## भाग १

**आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०८३**

**(गाउँ सभाबाट पारित)**

(गाउँ सभाबाट स्वीकृत मिति:२०८३।०३।१५)

**प्रस्तावना:** आधारभूत स्वास्थ्य प्रति गाउँवासीहरुमा जागरुकता अभिवृद्धि गरी प्राकृतिक एवं मानव उत्पादित फोहोरमैलाको स्रोतमा नै न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन, एवम विर्सजन तथा फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरी जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी वैतेश्वर गाउँपालिका क्षेत्रमा स्वच्छ एवं स्वस्थ वातावरण कायम गरी सबै नागरिकहरुलाई घर, आगन, चोक र सडक सफा राख्ने वातावरण तयार गर्नका लागि नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम वैतेश्वर गाउँ पालिकाको दोस्रो गाउँ सभाबाट स्वीकृत गरी यो ऐन जारी गरिएको छ ।

### परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस विधेयक नामः **"आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन ऐन, २०८३"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) **"गाउँपालिका"** भन्नाले वैतेश्वर गाउँपालिकालाई सम्झनु पर्छ ।

(२) **"प्रमुख"** भन्नाले वैतेश्वर गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले वैतेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(४) **"फोहोरमैला"** भन्नाले घरेलु फोहोरमैला, औधोगिक फोहोरमैला, रासायनिक फोहोरमैला, प्लाष्टिक र सिसाजन्य फोहोरमैला, मासु तथा पशुजन्य, कृषिजन्य फोहोरमैला, स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसकेका, फालिएका, सडे-गलेका, वातावरणमा प्रतिकूल हुनेगरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवा, धुलो विद्युतीय एवं सूचनासंग सम्बन्धित सामग्री तथा त्यस्तै प्रकारका सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेट, पर्चा, फ्लेक्सबोर्ड तथा अन्य सामाग्रीहरु समेतलाई सम्झनु पर्छ ।

(५) **"फोहोरमैला प्रशोधन"** भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(६) **"फोहोरमैला व्यवस्थापन"** भन्नाले फोहोरमैला पृथकीकरण, संकलन, प्रशोधन, विसर्जन वा फोहोरमैला व्यवसाय सम्मको कार्यलाई सम्झनु पर्छ ।

(७) **"फोहोरमैला संकलन"** भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घर-घरबाट संकलन गर्ने, सार्वजनिक स्थलबाट बढार्ने, थुपार्ने, झारपात उखल्ने, सार्वजानिक स्थलमा राखिएका पोष्टर, पम्पलेट व्यानर आदि उप्काउने र संकलन गर्ने कार्यलाई सम्झनु पर्छ ।

(८) **"वडा अध्यक्ष"** भन्नाले वैतेश्वर गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(९) **"समिति"** भन्नाले गाउँपालिकाले फोहरमैला तथा सरसफाई व्यवस्थापन गर्न गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २ : आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सामान्य सिद्धान्त :** (१) प्रत्येक गाउँवासीमा आधारभूत सरसफाई तथा फोहोरमैला व्यवस्थापन प्रति जागरुकता अभिवृद्धि गरी गाउँवासीकै सक्रिय सहभागितामा फोहोरमैलाको व्यवस्थापन गरिनेछ ।

(२) प्रत्येक गाउँवासीमा **"मेरो रहर सफा शहर"** को भावना विकास गरी घर आगन सफा राख्ने र सहभागितात्मक प्रणालीबाट पुरै गाउँ क्षेत्रलाई **"सफा, स्वच्छ र हराभरा शहर"**का रुपमा विकास गरिनेछ ।

(३) प्रत्येक गाउँवासीलाई स्रोतमै फोहोरमैला छुटयाउन लगाईनेछ ।

(४) फोहोरमैला संकलन स्थललाई सरसफाई केन्द्रका रुपमा विकसित एवं व्यवसायिक प्रयोजनका लागि प्रयोगमा ल्याईनेछ ।

**४. स्रोतमा फोहोरमैला पृथकीकरण गर्नुपर्ने :** (१) प्रत्येक गाउँवासी तथा व्यवसायी एवं संघ संस्थाले स्रोतमै फोहोरमैला पृथकीकरण गर्नु पर्नेछ ।

(२) स्रोतमा फोहरमैला पृथकीकरण गर्नु पर्दा जैविक, अजैविक, कवाडीजन्य र खतराजन्य फोहोरमैला अलग अलग छुट्याएर राख्नु पर्नेछ।

(३) गाउँपालिकाले फोहोरमैला संकलन गर्ने दिन र समय छुट्याई अलग अलग दिनमा जैविक, अजैविक, कवाडीजन्य र खतराजन्य फोहोर संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले जैविक र अजैविक फोहोर संकलनका लागि सार्वजनिक स्थलमा आवश्यकता अनुसार अलग अलग भाडाको व्यबस्था गर्न सक्नेछ ।

(५) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि अलग्गै एकाई सञ्चालनमा ल्याउनु पर्नेछ।

**५. सार्वजनिक स्थलमा फोहोर फाल्न निषेध गरिने :** (१) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा फोहोर फाल्न निषेध गरिएको छ ।

(२) घर, पसल, होटल, उद्योग, स्वास्थ्य संस्था वा अरु कसैले पनि आफ्नो स्थानबाट बाहिर फोहोर निष्काशन गर्दा तोकिएको समय र स्थानमा मात्र निष्काशन गर्नु पर्नेछ ।

(३) सार्वजनिक स्थल, सडक, नाला वा अन्य कुनै पनि खुल्ला स्थानमा जथाभावी फोहोर फाल्न वा निष्काशन गर्न पाईने छैन ।

(४) गाउँपालिकाले जैविक र अजैविक फोहोर ब्यबस्थापनका लागि सार्वजनिक स्थलमा संकलनका लागि राखिएको भाँडोमा थोरै मात्रामा राख्न मिल्ने फोहोर मात्र राख्नु पर्नेछ । त्यसरी राखिएको फोहोर संकलन गर्न राखिएको भाँडोमा सिसाजन्य र खतराजन्य फोहोर फाल्न पाइने छैन ।

**६. सरसफाई केन्द्रको व्यवस्था तथा सञ्चालनः**

(१) गाउँपालिकाले गाउँ क्षेत्रमा एक सरसफाइ केन्द्रको व्यवस्था गर्नेछ

(२) सरसफई केन्द्रको सञ्चालन व्यवसायिक रुपमा गरिनेछ।

(३) सरसफाई केन्द्रमा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउनु पर्नेछ । यसरी कम्पोष्ट मल बनाउँदा जैविक विधिको प्रयोग गरी फोहोरबाट गन्ध नआउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सरसफाइ केन्द्रमा फूलवारी तथा सेडको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) गाउँपालिकाले सरसफाई केन्द्रको सञ्चालन आफै वा सार्वजनिक निजी साझेदारीको अवधारणाबाट सञ्चालन गर्न सक्नेछ ।

**७. सरसफाइ सेवा शुल्क तोक्न सक्ने :**

(१) कार्यपालिकाले गाउँ क्षेत्रमा फोहोरमैलाको संकलन गरी सरसफाईलाई व्यवस्थित गर्न सेवा शुल्क तोक्न सक्ने छ ।

(२) गाउँपालिकाले तोकेको शुल्क भन्दा बढी शुल्क उठाउन पाइने छैन ।

(३) कार्यपालिकाले विपन्न व्यक्ति वा सामाजिक संघ संस्थालाई आवश्यकता हेरी न्यूनतम सेवा शुल्क निर्धारण गर्न सक्ने छ

(४) फोहोरमैला सेवा शुल्कबाट प्राप्त आम्दानी गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**८. टोल सुधार तथा सरसफाई समितिको व्यवस्था :** (१) गाउँपालिकाले स्रोतमा फोहोरमैला छुट्याई फोहोरमैला व्यवस्थापनको कार्य गर्न, सडक एवं गाउँ क्षेत्र सफा राख्न र गाउँको विकासमा सहयोगी

संस्थाका रुपमा काम गर्न प्रत्येक टोलमा "टोल सुधार तथा सरसफाई समिति" मार्फत नागरिक सहभागिता अभिवृद्धि गर्न सक्नेछ ।

(२) टोल सुधार तथा सरसफाई समितिले अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी उचित देखिएमा गाउँपालिकाले दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिन सक्नेछ ।

(४) टोल सुधार तथा सरसफाई समितिको गठन तथा परिचालनका लागि वडा अध्यक्षले आवश्यक अग्रसरता लिनु पर्नेछ ।

(५) टोल सुधार समितिको आफ्नै एउटा कोष हुनेछ, जसमा देहाय अनुसारका रकम रहनेछ :-

(क) टोलवासीको सदस्यता शुल्कबाट उठेको रकम,

(ख) चन्दादाताबाट प्राप्त रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संघ संस्था वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(६) टोल सुधार समितिको कोषको सञ्चालन सामान्यतया देहायका आधारमा हुनेछ :-

(क) टोल सुधार समितिले गाउँपालिकामा दर्ता गरेको विधानमा भएको कोष सञ्चालन समितिको निर्णयद्वारा सञ्चालन गर्नुपर्ने,

(ख) बजार क्षेत्रको सरसफाईका लागि प्रयोग गर्न सक्ने,

(ग) समितिले आंशिक करारमा सरसफाईका लागि जनशक्ति राख्न सक्ने,

(घ) टोल सुधारका लागि आवश्यक पर्ने मेला महोत्सव कार्यमा प्रयोग गर्न सक्नेछ ।

**९. टोल सुधार समितिको काम, कर्तव्य र अधिकार :** टोल सुधार समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :-

(क) बजार क्षेत्रको सरसफाईका लागि समुदाय तथा जनशक्ति परिचालन गर्ने,

(ख) टोलमा सेफ्टीट्याँक लगायतबाट उत्पादन हुने फोहोरमैलाको उचित व्यवस्थापन भए नभएको अनुगमन गरी उचित व्यवस्थापन गर्न लगाउने र त्यसरी उचित व्यवस्थापनमा असहयोग पुर्याउने कारवाहीका लागि गाउँपालिकामा उचित व्यवस्थापन गर्न लगाउने र त्यसरी उचित व्यवस्थापनमा असहयोग पुर्याउनेलाई कारवाहीका लागि गाउँपालिकामा लेखि पठाउने,

(ग) टोलवासी तथा टोलमा सञ्चालन हुने व्यवसायका लागि आवश्यक पर्ने धारा, पानी र बिजुली जडान गर्न वडा कार्यालयमा सिफारिस गर्ने,

(घ) टोल सुधारका लागि आवश्यक पर्ने मेला महोत्सव सञ्चालनका लागि आवश्यक पहल गर्ने,

(ङ) टोल सुधारका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

**१०. घरमा चर्पी र सेफ्टीट्याङ्क अनिवार्य रुपमा बनाउनु पर्ने :** (१) सबैले आ-आफ्ना घरमा चर्पी र सेफ्टीट्याङ्क अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(२) कसैले पनि चर्पीको फोहोर सडक वा खुला नालामा विसर्जन गर्न पाउने छैन ।

**११. अस्पताल तथा स्वास्थ्य संस्थाको फोहोरमैला व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था :**

(१) अस्पताल तथा स्वास्थ्य संस्थाले नेपाल सरकारद्वारा जारी "स्वास्थ्य सेवा फोहोर व्यवस्थापन मार्गदर्शन, २०७१" (Health Care Waste Management Guideline २०१४) को पूर्णरुमा पालना गर्नु पर्नेछ ।

(२) अस्पताल वा स्वास्थ्य संस्थामा विरामीको चाप र सेवाको स्तर हेरी Autoclave वा Mini Autoclave मेशिनको प्रयोगद्वारा जोखिमपूर्ण फोहोरमैला निर्मलीकरण गरेर मात्र तोकिएको ठाउँमा विसर्जन गर्नु पर्नेछ।

(३) अस्पताल वा स्वास्थ्य संस्थाले पर्याप्त मात्रामा सुई काट्ने औजार (Needle Cutter) राखी प्रयोग गरिएका सुईजन्य सामग्री टुक्रयाएर मात्र तोकिएको ठाउँमा विसर्जन गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाहरुको डेलिभरी, अपरेशन थिएटर र ड्रेसिङ कोठा आदिमा स्रोतमा नै फोहोर छुटयाउनको लागि सानो-ठुलो ट्रली तथा बाटा एवं बाल्टिन राख्ने स्टान्ड बनाउनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको लागि माक्स, बुट, पन्जा चस्मा, एप्रोन, भाईरेक्स र फिनेल आवश्यक मात्रामा उपलब्ध गराउनु पर्नेछ ।

(६) अस्पताल तथा प्रसुती केन्द्रहरुमा सालनाल व्यबस्थापन गर्नका लागि Placenta Pit अनिवार्य रुपमा राख्नु पर्नेछ।

(७) स्वास्थ्य संस्थाले कुहिने प्रकृतिका फोहोर विर्सजनको लागि उचित किसिमको खाल्डो र नकुहिने प्रकृतिका फोहोर विर्सजनको निमित्त डढाउने मेशिन (Incineration) को व्यवस्था गर्नु पर्नेछ ।

(८) उपचारको क्रममा काट्नु फाल्नु पर्ने मानव अङ्ग जथाभावी विसर्जन गर्न पाइने छैन ।

(९) गाउँपालिकाले सञ्चालन गर्ने अस्पताल तथा स्वास्थ्य संस्थामा समेत यो दफा बमोजिमको फोहोरमैला व्यवस्थापन गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२. फोहोरमैला संकलन तथा सरसफाई कार्यमा संलग्न जनशक्तिको स्वास्थ्य परीक्षण गराउनु पर्ने :** (१) फोहोरमैला संकलन तथा सरसफाई कार्यमा खटिएका जनशक्तिलाई त्यसरी काममा लगाउनेले त्रैमासिक रुपमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) फोहोरमैला संकलन तथा सरसफाई कार्यमा खटिएका जनशक्तिलाइ मक्स, पञ्जा, गमबुट, हेलमेट लगायतका सामग्री त्यसरी काममा लगाउनेले उपलब्ध गराउनु पर्नेछ ।

**१३. गाउँपालिकाले अनुगमन गर्न सक्ने :** (१) गाउँपालिकाले व्यक्ति संघ संस्था तथा व्यवसायले गर्ने फोहोर व्यवस्थापन कार्यको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार भएको अनुगमनका क्रममा सुधार गर्नु पर्ने अवस्था देखिएमा गाउँपालिकाले त्यस्तो संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशनलाई सम्बन्धित संघसंस्था वा व्यवसायले पालना गर्नु पर्नेछ ।

## परिच्छेद ३ : कसूर तथा दण्ड सजाय

**१४. कसूर र तथा दण्ड सजाय :** (१) कसैले तोकिएको भन्दा अन्यत्र कुहिने फोहोर फालेमा गाउँपालिकाले पहिलो पटकका लागि पचास रुपैयाँ र त्यसपछि पटकै पिच्छे थप पचास रुपैयाका दरले बढ्दै जानेगरी जरिवाना गर्न सक्नेछ ।

(२) कसैले तोकिएको स्थान भन्दा अन्यत्र नकुहिने फोहोर फालेमा गाउँपालिकाले पहिलो पटकका लागि एक सय रुपैयाँ र त्यसपछि पटकै पिच्छे एक सय रुपैयाका दरले बढ्दै जाने गरी जरिवाना गर्न सक्नेछ।

(३) चर्पीको फोहोर सडक वा खुला नालामा फाल्नेलाई गाउँपालिकाले पहिलो पटकका लागि पाँच हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे थप पाँच हजार रुपैयाका दरले बढ्दै जाने गरी जरिवाना गर्न सक्नेछ ।

(४) पटक पटक अनाधिकृत समय र ठाउँमा फोहोरमैला फ्याँक्नेलाई गाउँपालिकाले दिने सेवामा कडाई गर्न सक्नेछ ।

(५) अस्पताल वा स्वास्थ्य संस्थाले यस ऐनमा तोकिए भन्दा अन्यथा तरिकाले फोहोर विसर्जन गरेको पाइएमा पच्चीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्नुका साथै त्यस्तो संस्था बन्द गर्न आदेश दिन सक्नेछ ।

## परिच्छेद ४ : विविध

**१५. नियम बनाउने अधिकार कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नियम बनाउन सक्नेछ ।**

**१६. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।**

अनुसूची १

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
वैतेश्वर गाउँकार्यपालिकाको कार्यालय
पाँडुडाँडा, दोलखा ।

**विषय : टोल सुधार समिति दर्ता गर्ने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा वैतेश्वर गाउँपालिका वडा नं..............को................. टोलमा गठन गरिएको श्री. टोल सुधार समितिलाई वैतेश्वर नरपालिकामा दर्ता गरि दिनुहुन देहाय अनुसारका कागजात सलग्न राखी अनुरोधसाथ पेश गरेको छु पूर्व सिमाना.

यस ................ टोल सुधार समिति क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सीमित रहनेछ ।

पश्चिम सिमाना .......................

उत्तर सिमाना .......................

दक्षिण सिमाना ...........................

निवेदक
अध्यक्षको नाम.
टोल सुधार समितिको नाम..
ठेगाना.
मिति.

संलग्न कागजातहरु :

१. संस्थाको विधान

२. टोल भेलाको निर्णयको प्रतिलिपि

३. सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

अनुसूची २

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, दोलखा ।

**टोल सुधार समितिको प्रमाण पत्र**

वैतेश्वर गाउँपालिकाको मिति ....................... को निर्णय अनुसार वैतेश्वर गाउँपालिका वडा नं....... स्थित ........................ टोल सुधार समितिले यस कार्यालयमा मिति ................... मा दर्ता गरेको विधान स्वीकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

................................ टोल सुधार समितिले .................. टोललाई सफा, स्वच्छ, हराभरा र सभ्य बनाउने कार्यमा अमूल्य योगदान दिनेछ भन्ने अपेक्षाकासाथ गाउँपालिका, संस्थाको उत्तरोतर प्रततिको कामना गर्दछ ।

............ अधिकृत

मितिः ...............

आज्ञाले

महेश पौडेल

प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर गाउँपालिका